बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

पत्र संख्याः ०८१/८२

मानभवन, ललितपुर, नेपाल


## बीउ विजन आत्मनिर्भर कार्यक्रममा बीउ उत्पादन कार्यक्रम अन्तर्गत बीउ उत्पादन क्षेत्र निर्धारणको लागि प्रस्ताव/आवेदन आव्हानको सूचना

सूचना नं -३

**प्रथम पटक प्रकाशित मिति २०८१/०८/०५**

कृषि विकास कार्यालय, ललितपुरको आ.ब.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्न यस कार्यालयको कार्यक्षेत्र ललितपुर, काठमाण्डौ र भक्तपुर भित्रका इच्छुक/योग्य आवेदकहरु (कृषक समुह/कृषि सहकारी/ सामुदायिक बीउ बैंक/कृषि फार्म/कृषि कार्यगर्ने कम्पनीहरु) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८१/०८/२५गते) कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात, निवेदन सहित अनुसूचीमा उल्लेख भए बमोजिमको प्रस्ताव तयार गरी यस कार्यालय वा कृषि सेवा केन्द्र, बुढानिलकण्ठ-२, चपली, काठमाण्डौ र कृषि सेवा केन्द्र, सुर्यविनायक-५, भक्तपुरमा दर्ता गर्नुहुन सूचना आव्हान गरिन्छ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालनको लागि कार्यालयको बेवसाइट www.lalitpur.akc.gov.np मार्फत सूचना तथा कार्यविधिहरु प्राप्त गर्न सकिनेछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडाको बेवसाइट www.molmac.bagamati.gov.np बाट पनि कार्यविधिहरु डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७, कृषि सेवा केन्द्र, काठमाडौ ०१-५९२२८५०, कृषि सेवा केन्द्र, भक्तपुर ०१-५९२२८४७ का साथै कार्यालयको फेसबुक पेज कृषि विकास कार्यालय, ललितपुर बाट पनि जानकारी लिन सकिनेछ ।

तपशिल

पुनश्चः- कार्यक्रमको लागि स्वीकृत कार्यविधि **बीउ विजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१** रहेको छ ।

### बीउ विजन आत्मनिर्भर कार्यक्रममा सहभागिताको लागि आवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरु:

१. रु १० को टिकट सहित निवेदन ।
२. सम्बन्धित निकायमा संस्था दर्ता, नविकरण भएको प्रमाणपत्र पत्रको प्रतिलिपी ।
३. कार्यक्रम संचालन हुने स्थानीयतह/कृषि शाखाको सिफारिसपत्र ।
४. संस्थाको अध्यक्ष तथा संचालकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र पत्रको प्रतिलिपी ।
५. अनुसूची -१ अनुसार प्रस्तावित क्षेत्रको आधारभूत तथ्याङ्क फारम ।

०८१/०८/०५

तेज प्रसाद दवाडी
प्रमुख